आज मिति २०८२/१०/२५ गतेका दिन तमानखोला गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री हिरा कुमारी छन्यालको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि प्रस्तुत भएका प्रस्ताव बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| श्री हिरा कुमारी छन्त्याल, उपाध्यक्ष, तमानखोला गाउँपालिका | | का.वा. अध्यक्ष |
| श्री थम वहादुर रोका, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. १ | | -सदस्य |
| श्री नारायण सुनार, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. २ | | -सदस्य |
| श्री झक वहादुर वुढा, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. ३ | | -सदस्य |
| श्री छ प्रसाद श्रीपाली, वडा अध्यक्ष, तमानखोला गाउँपालिक वडा नं. ४ | | -सदस्य |
| श्री हिरा वहादुर वि.क. , वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. ५ | | -सदस्य |
| श्री चित्र वहादुर छन्त्याल, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं.६ | | -सदस्य |
| श्री देवसरा वि.क., कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | | -सदस्य |
| श्री मन कुमारी वुढाथोकी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | | -सदस्य |
| श्री भिम कुमारी छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | | -सदस्य |
| श्री मिना कुमारी कामी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | | -सदस्य |
| श्री हिक्मत जक्तपुरी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | | -सदस्य |
| श्री ढालेन्द्र छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | | -सदस्य |
| श्री अमित परियार, प्रमुख प्रशासकीय अधिकृत | | -सचिव |

अन्य उपस्थिती:

श्री विरेन्द्र वहादुर कठायत, प्रशासकीय अधिकृत

Scanned with CamScanner

मिति २०८२/१०/२५ गतेका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं. २:

योजना अनुगमन तथा सुपरीवेक्षण समितिको अनुगमन प्रतिवेदन स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ३:

विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४:

बोंगादोभान-बोंखानी-ढोरपाटन सडक आयोजना कार्यान्वियन सम्वन्धमा ।

प्रस्ताव नं. ५:

उपल्लो बोंगादोभान घाट र वेसी घाटमा कल्भर्ट निर्माण आयोजनाको वहुवर्षीय ठेक्का कार्यान्वयन सम्वन्धमा ।

प्रस्ताव नं. ६:

करार सेवामा कार्यरत कर्मचारीको करार अवधि थप गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ७:

दिर्घ रोगका बिरामीको औषधी उपचार खर्च भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. ८:

सडक बोर्ड नेपालसँगको साझेदारीमा कार्यान्वय हुने आयोजना छनौट सम्वन्धमा ।

प्रस्ताव नं. ९:

करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १०:

विविध सम्वन्धमा ।

Scanned with CamScanner

मिति २०८२/१०/२५ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत योजना मध्ये तमानखोला गाउँपालकाको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका र वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका अनुसूची १ बमोजिमका १२ वटा आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३:

तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत गाउँपालिकाका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नका लागि विनियोजित रकम रु. १० लाख बाट बोङ्गादोभान-बोङ्गाखानी-ढोरपाटन सडक अन्तर्गत वडा नं. २ को हल्ले पाम देखि जलथले पुलसम्म सडक खण्डको नयाँ ट्र्याक खोल्नका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने ।

निर्णय नं. ४:

तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) अन्तर्गत बोङ्गादोभान-बोङ्गाखानी-ढोरपाटन सडकको लागि तपसिल बमोजिम विनियोजित बजेटबाट उक्त सडकको स्तरोन्नती गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | प्रदेश सरकारबाट विनियोजित रकम | तमानखोला गाउँपालिकाबाट साझेदारी हुने रकम | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | बोंगादोभान-बोङ्गाखानी-ढोरपाटन सडक | रु. ६० लाख मात्र | रु. ६० लाख मात्र | रु. १ करोड २० लाख मात्र | |

Scanned with CamScanner

निर्णय नं. ५:

तमानखोला गाउँपालिका गाउँ सभा २०७९ को आठौं अधिवेशनबाट उपल्लो बोंगादोभान घाट र बेसी घाटमा कल्भर्ट निर्माणका लागि रु. ३५ लाख बजेट विनियोजन भएकोमा उक्त आयोजना तमानखोला गाउँपालिकाको प्राथमिकता प्राप्त गौरवको आयोजना भएकोले रु. १ करोड ७० लाखको बजेट सिमा भित्र रहने गरी बहुवर्षीय ठेक्का प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ६:

तमानखोला गाउँपालिका वा अन्तर्गत करार सेवामा कार्यरत अनुसूची २ बमोजिमका जम्मा ४१ जना कर्मचारीको करार अवधि २०८२ पुष मसान्तमा समाप्त भएकोले निजहरुको करार सेवाको अवधि आगामी २०८३ असार मसान्तसम्म थप गर्ने ।

निर्णय नं. ७:

तमानखोला गाउँपालिकामा रहेका अनुसूची ३ बमोजिमका २४ जना दिर्घ रोगका विरामीहरुको औषधी उपचार खर्च वापत जम्मा रु. ३ लाख ६० हजार भुक्तानी गर्ने ।

निर्णय नं. ८:

सडक बोर्ड नेपालको च.न. ६७९ मिति २०८२/०९/२८ गतेको पत्रानुसार तमानखोला गाउँपालिकामा सडक स्तरोन्नतीको लागि रु. ५ लाख बजेट व्यवस्था भएको हुँदा उक्त बजेट कार्यान्वयनका लागि देहाय बमोजिम आयोजना छनौट गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | सडक बोर्ड नेपालबाट विनियोजित बजेट | तमानखोला गाउँपालिकाबाट साझेदारी हुने बजेट | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | सन्तर थास्पुरी सडक स्तरोन्नती | रु. ५ लाख मात्र | रु. १ लाख २५ हजार मात्र | रु. ६ लाख २५ हजार मात्र | |

निर्णय नं. ९:

कार्यालयको मिति २०८२/१०/०८ गतेको तमानखोला गाउँपालिका वा अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी सूचना बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि पेश गरेका करार सेवामा कार्यरत अनुसूची ४ बमोजिमका ३१ जना कर्मचारीलाई मिति २०८२ फागुन १ गते देखि लागु हुने गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने ।

Scanned with CamScanner